आज मिति २०७५ साल भाद्र २४ गते आइतवारका दिन यस नरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णयहरु देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकण्ठ न्यौपाने | उपस्थित |
| उप प्रमुख | श्री मीरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं १ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं २ | श्री काशीराम श्रेष्ठ | अनुपस्थित |
| वडाध्यक्ष वडा नं ३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं ४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं ५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं ६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं ७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं ८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं ९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं १० | श्री तुलसीराम सापकोटा | **अनुपस्थित** |
| वडाध्यक्ष वडा नं ११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं १२ | श्री तोत्रबहादुर कुवर | उपस्थित |
| वडाध्यक्ष वडा नं १३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं १४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| **कार्यकारीणी सदस्यहरु** | | |
| | श्री तमबहादुर दरै | उपस्थित |
| | श्री कल्पना पोखेल | उपस्थित |
| | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| | श्री चन्द्रमाया परियार | उपस्थित |
| | श्री मधुमाया घर्ती | उपस्थित |
| | श्री सुनसरी गुरुङ्ग | उपस्थित |
| | श्री नरीमाया राना | उपस्थित |
| सदस्य सचिव | श्री हरिप्रसाद वाँस्तोला | उपस्थित |
| का.वा. वडाध्यक्ष | श्री टुकबहादुर हमाल ठकुरी | उपस्थित |
| वरिष्ठ आ.ले.प अधिकृत | श्री कुमार कंचन जि.सी. | उपस्थित |
| लेखा अधिकृत | श्री दण्डपाणी पौडेल | उपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |
| कम्प्यूटर अधिकृत | श्री गोकर्णराज वाग्ले | उपस्थित |

**निर्णय नं.१:** नगर विकास कोषको ऋण एवं अनुदान सहयोग र यस नगरपालिका समेतको संयुक्त लागनीमा निर्माण भएको बहुउद्देश्यीय भवनको समुद्घाटन समारोहमा भएको कुल खर्च रु.१,८३,७२८। (अक्षेरुपी एक लाख त्रियासी हजार सात सय अठ्ठाईस रुपैया) अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं २:** व्यास नगरपालिका वडा नं ५ बस्ने सनसरी श्रेष्ठले अघिल्लो आ.व.मा व्यास ५ स्थित कोलवारीमा रहेको आफ्नो जग्गाको, जग्गा विकास प्रस्ताव स्विकृत गरी पाउँ भनी निवेदन दिनु भएकोमा सो सम्बन्धी कार्य प्रकियामा रहेकै अवस्थामा व्यास ५ निवासी मुक्तबहादुर थापा समेतले निजले उल्लेखित स्थानमा जग्गा सम्याउने काम गर्दा वातावरणमा प्रतिकुल प्रभाव पर्न गएको व्यहोरा सहित सो कार्य रोक्का गरिदिनु भन्ने व्यहोराको निवेदन

दर्ता गरेको हुनाले यस कार्यालयका प्राविधिकबाट उक्त स्थानको निरिक्षण समेत गरी प्राविधिक अध्ययन पछि केही पक्षहरुको सुधार गर्नुपर्ने अवस्था देखिएको भनी प्रतिवेदन प्राप्त भएकोमा सो प्रतिवेदनलाई आधारमानी दुई पक्ष बीच छलफल गराई भू-क्षय तथा अन्य वातावरणीय दृष्टिकोणले संवेदनशील देखिएका पक्षहरुसँग सम्बन्धित केही निर्माण कार्यहरु निज सनसरी श्रेष्ठले आफ्नै खर्चमा निर्माण गर्ने गरी न्यायिक समितिबाट निर्देशन भएको साथै कार्यालयले औंल्याएका त्यहाँका अधिकांश कार्यहरु हाल सम्पन्न समेत भएको देखिन आएकोले निज सनसरी श्रेष्ठद्वारा अघिल्लो आर्थिक वर्षमा पेश भई कार्यालयका प्राविधिकवाट चेकजाँच गरी प्राप्त हुन आएको प्लानिङ्ग प्रस्ताव प्रचलित नियमानुसारका सम्पूर्ण मापदण्डहरु पुरा गरेर मात्र बिक्री वितरण तथा उपयोग गर्न पाउने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:** यस नगरपालिकाको पूर्वतर्फ रहेको पुराना पसल कवलको दोस्रो तलामा रहेको पसल कवलहरुको भाडा पुनरावलोकन तथा अन्य विविध विषयका सम्बन्धमा यस न.पा.को राजश्व परामर्श समितिद्वारा पेश हुन आएको प्रतिवेदन उपर छलफल गरियो । सो सम्बन्धमा छलफल हुँदा उल्लेखित पसल कवलहरुमा यस अगाडि भाडामा लिएका व्यक्ति, तथा फर्महरुले नै व्यवसाय गरिरहेको भए निजहरुसँगै र अन्य व्यक्ति तथा फर्महरुले व्यवसाय सञ्चालन गरेको भए उनीहरुसँग नै परिवर्तित भाडा दरमा तोकिएको मासिक भाडा लिने गरी एक वर्षको लागि सम्झौता गरी भाडामा दिने निर्णय गरियो ।

**निर्णय नं ४:** यस नगरपालिकाको नगर प्रोफाइल तयार गर्ने उद्देश्यले संकलन गरिएको नगरपालिकाको प्रत्येक वडाको वडागत जनसंख्या, आर्थिक तथा सामाजिक अवस्था, भौगोलिक अवस्था लगायतका अन्य विभिन्न विषयको तथ्याङ्क संकलनको मस्यौदा प्रतिवेदन माथि छलफल भयो । हाल पेश हुन आएको मस्यौदा प्रतिवेदनमा देखिएका साना तिना त्रृतीहरुलाई सच्याई प्रतिवेदन तयार गर्न प्रशासन शाखा, योजना शाखा र सूचना शाखालाई निर्देशन दिने निर्णय गरियो । साथै प्रतिवेदनको सुपरिवेक्षकको रुपमा खटिएका व्यास २ निवासी मनिषा शाहीलाई प्रति महिना रु.१८,०००। (अक्षेरुपी अठार हजार रुपैया) का दरले ३ महिनाको पारिश्रमिक र कार्यालय सहायक सिमा रानालाई प्रति महिना रु.७०००। (अक्षेरुपी सात हजार) का दरले तिन महिनाको थप सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.५:** यस व्यास नगरपालिका अन्तर्गत पर्ने दमौली अस्पताल र अन्य वर्थिङ्ग सेन्टर (प्रजन्न केन्द्र) मा सुत्केरी हुँदा सुत्केरी आमा र नवजात शिसुलाई निशुल्क रुपमा वितरण गरिने न्यानो झोला (लुगा सेट सहितको) अभाव भइसकेको हुँदा तत्काल रु.३,००,०००। (अक्षेरुपी तीन लाख रुपैयाँ) बराबरको न्यानो झोला खुला दर भाउपत्र माग गरी खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं.६:** मादी तथा सेती नदीको नदीजन्य पदार्थ उत्खनन् सम्बन्धी मिर्रा कन्सल्ट प्रा.लि. काठमाण्डौंले तयार पारेको प्रारम्भिक वातावरणीय परीक्षण (आई.इ.ई) को प्रतिवेदन उपर छलफल गरी पास गरियो । सो प्रतिवेदनलाई आधारमानी सेती तथा मादी नदीको प्राकृतिक साधन उपयोग करको ठेक्का बन्दोबस्तीको लागि बोलपत्र आव्हान सूचना प्रकाशन गर्ने निर्णय गरियो । साथै IEE तयार गर्ने श्री मिर्रा कन्सट्रक्सन प्रा.लि.लाई सम्झौता बमोजिमको रकम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.७:** यस नगरपालिकाद्वारा मिति २०७५।४।१८ गते प्रकासित नवनिर्मित भवनको पसल कवलहरु भाडामा लगाउने सम्बन्धी सूचना अनुसार पर्न आएका विभिन्न व्यक्ति तथा व्यवसायिक फर्महरुका बोलपत्रहरु मध्ये यस नगरपालिकाको बोलपत्र मूल्यांकन समितिले अध्ययन गरी सूचनाको शर्त र प्रचलित कानून विपरित नहुने गरी तथा यस नगरपालिकाको हित भएका भनी सिफारिस गरे बमोजिमका निम्न व्यक्ति तथा व्यवसायिक फर्महरुलाई निजहरुले कवोल गरेको प्रति महिनाको निम्नानुसारको भाडा दरमा भाडा दिने गरी पेश गरेका बोलपत्रहरु स्वीकृत गर्ने निर्णय गरियो । साथै सँगै नजोडिएका पसल कवलको हकमा सम्बन्धित व्यक्तिबाट रोजाई एउटा पसल कवल मात्र भाडामा दिने गरी सम्झौता गराउने समेत निर्णय गरिन्छ ।

| क्र.स. | कोठा नं. | नाम | ठेगाना | कबोल अंक रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | १०१ | सुनिता श्रेष्ठ | व्यास २ | ३६,६००।०० | ५९.१३% बढी |
| २ | १०२ | अर्जुन पौडेल | व्यास ३ | ३६,२००।०० | ६४.५५% बढी |
| ३ | १०३ | सुरेश श्रेष्ठ | दुलेगौडा ५ | ४१,१००।०० | ८६.८२% बढी |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | १०४ | दिनेशकुमार मल्ल | व्यास २ | ४७,७७७।७७ | ९१.११% बढी |
| ५ | १०५ | विरेन्द्र गिरी | विहार भारत | ६२,००२।०० | १४८.०१% बढी |
| ६ | १०६ | ब्रजेश शाह तेली | बैरेनीया २ बारा | ५१,१५१।०० | १३२.५०% बढी |
| ७ | १०७ | सुधिर कुमार गुप्ता | विहार भारत | ४५,९००।०० | १०८.६४% बढी |
| ८ | १०८ | राजकिसोर यादव | मध्यनेपाल २ | ६०,२५१।०० | १३१.७३% बढी |
| ९ | १०९ | अशोक शाह तेली | बैरेनीय २ बारा | ४१,५१५।०० | ८८.७०% बढी |
| १० | ११० | दिपक जनरल सप्लायर्स व्यास २, प्रो. दिपकशाह | विहार | ३३५००।०० | ५२.२७% बढी |
| ११ | १११ | वलराम प्रसादशाह | कलैया ६ | ३०,००५।०० | ५०.०३% बढी |
| १२ | ११२ | विष्णु प्रसादशाह | कलैया ६ बारा | ३१,१००।०० | ५५.५०% बढी |
| १३ | ११३ | विष्णु प्रसादशाह | कलैया ६ बारा | ३६,५५५।०० | ५८.९३% बढी |
| १४ | ११४ | गोपिकृष्ण नहर्की | व्यास ४ | २७,५२०।०० | ४४.८४% बढी |
| १५ | ११५ | गोविन्द नहर्की | व्यास ४ | २७,५१५।०० | ४४.८२% बढी |
| १६ | ११६ | - | - | | खाली |
| १७ | ११७ | - | - | | खाली |
| १८ | ११८ | सुरेश श्रेष्ठ | शुक्लागण्डकी ५ | ३१,६००।०० | ४३.६४% बढी |
| १९ | ११९ | सूर्यबहादुर पौडेल | व्यास १३ | ३०,०००।०० | ५०.००% बढी |
| २० | १२० | कल्पना वाग्ले | व्यास ३ | ३१,१११।०० | ५५.५६% बढी |
| २१ | १२१ | सुनिता श्रेष्ठ | व्यास ३ | ३६,१५८।०० | ८०.७९% बढी |
| २२ | १२२ | सुनिता श्रेष्ठ | व्यास ३ | ३६,१५८।०० | ८०.७९% बढी |
| २३ | १२३ | जुनकिरी माया श्रेष्ठ | व्यास ३ | ४५,१५८।०० | १०५.२६% बढी |
| २४ | १२४ | जुनकिरी माया श्रेष्ठ | व्यास ३ | ४०,१५८।०० | ९१.२३% बढी |
| २५ | १२५ | शुशिला श्रेष्ठ | व्यास २ | ३१,५००।०० | ५०.००% बढी |
| २६ | १२६ | कृष्णकुमारी श्रेष्ठ | व्यास २ | २८,५५०।०० | २९.७७% बढी |
| २७ | १२७ | - | - | | खाली |
| २८ | १२८ | - | - | | खाली |
| २९ | १२९ | - | - | | खाली |
| ३० | १३० | भरत पराजुली | व्यास ११ | १६,१००।०० | १५.००% बढी |
| ३१ | १३१ | शिव बस्नेत | व्यास १० | २१,०००।०० | ३१.२५% बढी |
| ३२ | १३२ | इश्वर परियार | व्यास ४ | १५,५२०।३० | ३.४७% बढी |
| ३३ | १३३ | - | - | | खाली |
| ३४ | १३४ | तुलशी पौडेल लामिछाने | व्यास ७ | १७,०००।०० | १३.३३% बढी |
| ३५ | १३५ | - | - | | खाली |
| ३६ | १३६ | भिमकुमारी दरै | व्यास १ | २०,५००।०० | २८.१३% बढी |
| ३७ | २०१ | सिदार्थ बैंक लि. | दमौली, शाखा | ९८,१००।०० | ०.१०% बढी |
| ३८ | २०२ | - | - | | खाली |
| ३९ | २०३ | - | - | | खाली |

**निर्णय नं.८:** आ.व. २०७४/०७५ मा काम सम्पन्न भई भुक्तानी लेखी काटिएका विभिन्न योजनाहरु लगायत विभिन्न व्यक्ति तथा संघ संस्थाका नाउँका चेकहरु विविध कारणवस निर्धारित अवधि भित्र साटिन नसकेका हुनाले त्यस्ता प्रकृतिका चेकहरुको अघिल्लो आ.व.को भुक्तानी बाँकीमा अभिलेख राखी आम्दानी बाँधी सम्बन्धित उभोक्ता समिति, फर्म, संघ संस्था तथा व्यक्तिहरुलाई भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.९:** नगर विकास कोषको ऋण एवं अनुदान सहयोग र यस नगरपालिकाको लगानी समेत संयुक्त लगानीमा निर्माण भएको यस नगरपालिकाको नवनिर्मित बहुउद्देश्यीय भवनको अन्तिम बिल भुक्तानी गर्ने सम्बन्धमा भुक्तानी बिलको गहन अध्ययन तथा विश्लेषण र जाँच गरी प्रचलित कानून विपरित नहुने तथा यस नगरपालिकाको हित हुने गरी भुक्तानी योग्य कुल रकम यकिन गरी प्रतिवेदन पेश गर्न यस नगरपालिकाको मिति २०७५ आषाढ २२ गते सम्बन्धित योजनाका साइड इन्चार्ज एवं योजना तथा प्राविधिक शाखा प्रमुख श्री रविन्द्रलाल मुलको

संयोजकत्वमा गठित ३ सदस्यीय प्राविधिक समितिले पेश गरेको सो भवनको अन्तिम बिल सम्बन्धी प्रतिवेदन उपर छलफल गरियो । सम्झौता गर्दाका बखत उल्लेख गरिएको ठेक्का स्वीकृत अंक तथा साविकको डिजाइनमा भएको आइटम तथा कामको परिमाणमा हुन गएको वृद्धि (मिति २०७४।१२।२२ को कामको आइटम थप भई स्वीकृत गरिएको भेरिएसन अडर अनुसारको मु.अ.क. समेत रु. ११,६८,०३७।८७ र तत्पश्चात कामको परिमाणमा वृद्धि भई हाल मूल्यांकनमा थप हुन गएको मु.अ.क. सहित रु.४३,८८,०९२।७) समेत मु.अ.क. सहित कुल रु.९,७०,५८,९४२।०३ (अक्षेरुपी नौ करोड सत्तरी लाख अन्ठाउन्न हजार नौ सय बयालीस रुपैयाँ तिन पैसा) भुक्तानी योग्य रकम कायम गरी प्राप्त हुन आएको प्रतिवेदन अनुसार अन्तिम बिल स्वीकृति तथा रकम मागका लागि नगर विकास कोषमा सिफारिस गरी पठाउने निर्णय गरियो । साथै हालसम्म रु. ७,८९,०८,७५४। (अक्षेरुपी सात करोड उनानव्वे लाख आठ हजार सात सय चौवन्न रुपैया) भुक्तानी भइसकेकाले भुक्तानी दिन बाँकी रु.१,८१,५०,१८८।०३ (अक्षेरुपी एक करोड एकासी लाख पचास हजार एक सय अठासी रुपैयाँ तीन पैसा) मध्ये ५०% रकम पछि सोधभर्ना हुने गरी भुक्तानी दिने समेत निर्णय गरिन्छ ।

**निर्णय नं.१०:** व्यास नगरपालिका वडा नं १ को लागि उपभोक्ता लगात सहभागिता कार्यक्रम अन्तर्गत प्रस्ताव गरिएको रकम मध्येबाट स्थानीय उपभोक्ताहरुको कम्तीमा ४०% लागत सहभागिता रहने गरी सोही वडाको भादगाउँ खिरखाँदी खानेपानी योजनाको प्रभावकारी सञ्चालनको लागि लिफ्टीङ्ग प्रविधिमा आधारित रही उपयुक्त स्थानबाट खानेपानीको स्रोत थप गर्ने गरी आयोजना सञ्चालनका लागि रु.३०,००,०००। (अक्षेरुपी तीस लाख रुपैयाँ) सम्बन्धित शीर्षकबाट अनुदान दिने निर्णय गरियो ।

**निर्णय नं.११:** यस नगरपालिका वडा नं २ का वडाध्यक्ष श्री काशीराम श्रेष्ठ बिरामी भई केही समय अगाडिदेखि उपचारार्थ मणिपाल शिक्षण अस्पताल पोखरामा भर्ना भई नियमित रुपमा उपचार गराई रहनु भएकोमा उहाँको शिघ्र स्वास्थ्य लाभको कामना गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२:** व्यास नगरपालिकाको वडा नं ११ अन्तर्गत पर्ने चण्डीभन्ज्याङ्ग स्थित श्री चण्डेश्वरी आधारभूत विद्यालयका प्र.अ.ले अनिमियता गरेको सन्दर्भमा वडा कार्यालय व्यास ११ बाट लेखी आएको सम्बन्धमा छलफल गरियो । सो सम्बन्धमा के भएको हो छानबिन गरी सत्य तथ्य रुपमा प्रतिवेदन पेश गर्न यस नगरपालिकाको शिक्षा शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं १३:** यस नगरपालिकाबाट घर नक्शापास स्वीकृत लिई घर निर्माण गर्ने अधिकांश व्यक्ति संघ संस्था तथा कार्यालयहरुले निर्माण सम्बन्धी कार्य गर्न नगरपालिकाबाट लिई इजाजत पत्र प्राप्त घर निर्माण सम्बन्धी कार्य गर्ने स्थानीय ठेकेदारहरुलाई ठेक्कामा लगाउने गरेको र निज ठेकेदारहरुको लापरवाहीले गर्दा नगरपालिकाले स्वीकृत दिए विपरीत घर निर्माण हुँदा भवन निर्माण सम्बन्धी नियमन प्रकृयामा प्रतिकूल असर पर्न गएको साथै घरधनीहरु जरिवाना तथा अन्य प्रशासनिक झन्झटमा परिरहेको हुँदा नक्शा पास प्रकृयालाई सहज शुलभ र झन्झट मुक्त गराउन साथै भवन नियमन कार्यलाई प्रभावकारी गराउन निर्माण कार्यको ठेक्का लिने ठेकेदारलाई निजहरुले गरेको गल्तीको प्रकृति र सोको सुधारप्रति देखाएको उदासिनतालाई आधारमानी निम्नानुसार हुने गरी जरिवाना तथा कारवाही गर्ने निर्णय गरियो ।

१. प्रथम पटक मापदण्ड विपरीत भवन निर्माण गर्ने ठेकदारलाई न.पा. कार्यालयले तोकेको जरिवानाको ५०% राजश्व सम्बन्धित ठेकदारबाट असुल गर्ने र बांकी रकम धरधनीबाट गर्ने ।
२. दोस्रो पटक पनि सोही ठेकदारबाट मापदण्ड विपरीत भवन निर्माण गरेमा न.पा. कार्यालयले तोकेको जरिवानाको १००% राजश्व सम्बन्धित ठेकदारबाट असुल गर्ने ।
३. तेस्रो पटक वा सो भन्दा बढी पनि सोहि ठेकदारबाट मापदण्ड विपरीत भवन निर्माण गरेमा न.पा. कार्यालयले तोकेको जरिवानाको १००% राजश्व र सम्बन्धित ठेकदारलाई कम्तीमा ६ महिनासम्म black list मा राखी Licence Suspense गर्ने । त्यसपछि पनि गल्ती दोहोर्‍यामा इजाजत पत्र खारेज गर्ने निर्णय गरियो ।

**निर्णय नं १४:** यस व्यास नगरपालिका क्षेत्रभित्रका यस कार्यालय अन्तर्गत रहेका सम्पूर्ण स्वास्थ्य संस्थामा अघिल्लो आ.व. मा खरिद गरिएका विभिन्न औषधीहरु सकिएको र खरिद प्रकिया अनुसार औषधी खरिदको लागि बोलपत्र आव्हान सूचना प्रकाशित नभई सकेको परिप्रेक्षयमा स्वास्थ्य सेवाको संवेदनशीलतालाई मध्यनजर गरी यस वर्षको

लागि स्वास्थ्य शीर्षकमा विनियोजित रकम मध्येबाट तत्कालको लागि रु.५,००,०००। (अक्षेरुपी पाँच लाख रुपैयाँ) बराबरको औषधी खुला दरभाउ पत्र माग गरी खरिद गर्ने र बाँकी रकमबाट वर्ष भरिको लागि आवश्यक एकमुष्ठ औषधी खरिद गर्न नियमानुसार खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.१५:** व्यास न.पा. वडा नं.७ को कलेस्ती र वडा नं.९ को टुहुरे पसल जोड्ने सो क्षेत्रको मुख्य सडकको रुपमा रहेको कलेस्ती, गजौड, टुहुरे, पसल मार्ग अन्तर्गत कुसुमेबाट विर्तासम्मको सडक खण्ड वर्षायामका कारण बिग्रिन गई सवारी आवागमनमा बाधा पुग्न गएको हुँदा सोको स्तरोउन्नतिको लागि ग्राभेल गरी सवारी यातायात सुचारु गर्नका लागि प्राविधिकबाट तयार गरिएको ल.ई. रु.३,५१,४५०।७५ (अक्षेरुपी तीन लाख एकाउन्न हजार चार सय पचास रुपैया पचहत्तर पैसा) मध्ये कम्तीमा २०% रकम उपभोक्ता समितिले लागत सहभागिता/जनश्रमदान वापत व्यहोर्ने गरी बाँकी रकम अनुदान दिने निर्णय गरियो ।

**निर्णय नं.१६:** प्रचलित कानून बमोजिम हाल निर्माण व्यवसायीहरुको निर्माण सम्बन्धी इजाजतको प्रमाण पत्र जारी गर्ने नामसारी गर्ने तथा नवीकरण गर्ने काम यस नगरपालिकाबाट हुँदै आएकोमा नयाँ दर्ता हुन आउने व्यवसायी फर्मलाई दिइने नयाँ इजाजत पत्रको लागि रु.१०,०००। (अक्षेरुपी दश हजार रुपैया) र नामसारीको लागि रु.५०००। (अक्षेरुपी पाँच हजार रुपैया) दर्ता तथा नवीकरण शुल्क लिने निर्णय गरियो ।

**निर्णय नं.१७:** व्यास नगरपालिका वडा नं ३ शिक्षा कार्यालय नजिक रहेको ब्रम्हाकुमारी इश्वरीय विश्व विद्यालय राजयोग प्रशिक्षण केन्द्रको भवन निर्माण कार्य निर्माणाधीन अवस्थामा रहेकोले सो भवन निर्माणका लागि रु.५,००,०००। (अक्षेरुपी पाँच लाख रुपैयाँ) अनुदान दिने निर्णय गरियो ।

**निर्णय नं.१८:** व्यास नगरपालिका वडा नं १४ केशवटार स्थित केशवटार मा.वि.को सिढी निर्माण तथा फर्निचर निर्माण एवं खरिदको लागि प्राविधिकबाट रु.९०२७६।४४ (अक्षेरुपी नब्वे हजार दुई सय छहत्तर रुपैयाँ चौवालीस पैसा) भएकोमा कम्तीमा २०% सम्म लागत सहभागिता/जनश्रमदान हुने गरी आयोजना सञ्चालनको लागि बाँकी रकम अनुदान दिने निर्णय गरियो ।

**निर्णय नं.१९:** पृथ्वी राजमार्गको मेनचोकदेखि भोर्लेटार चोकसम्म सवारी साधनहरुको आवत जावतको सहजताको लागि स्ल्याव निर्माण तथा नाला सरसफाई गर्ने योजनाको लागि प्राविधिक लागत अनुमान रु.४,९४,२८२।७२ (अक्षेरुपी चार लाख चौरानव्वे हजार दुई सय वयासी रुपैयाँ वहत्तर पैसा) स्वीकृत गरी खुला दरभाउ पत्र माग गरी यथाशिघ्र निर्माण कार्य अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.२०:** व्यास केवलकार प्रा.लि. दमौली तनहुँको मिति २०७५।५।१९ को सिफारिस एवं स्वीकृति माग सम्बन्धी व्यहोराको पत्र उपर छलफल भयो । सो सम्बन्धमा व्यास नगरपालिका वडा नं ५ अन्तर्गत रहेको मानहुँ डाँडामा केवलकार लैजान हाल पूर्व संभाव्यता अध्ययन तथा वातावरणीय प्रभाव मूल्यांकन गर्न स्वीकृति दिने र वातावरणीय प्रभाव मूल्यांकनको प्रतिवेदन तयार भएपश्चात सोको अध्ययन गरी त्यसको औचित्य र आवश्यकता समेतलाई मध्यनजर गरी उपयुक्त देखिन आएमा, यस नगरपालिका र स्थानीय प्रभावित क्षेत्रका बासिन्दाहरुको राय, परामर्श, छलफल र समन्वयमा आयोजना संचालन सम्बन्धमा आवश्यक निर्णय लिने निर्णय गरियो ।

**निर्णय नं.२१:** व्यास नगरपालिका वडा नं १३ अन्तर्गत पर्ने आशापानी स्थित शिवमन्दिर खानेपानी योजना सञ्चालनको लागि प्राविधिकबाट तयार गरिएको कुल रु.३,४७,३५९।४१ (अक्षेरुपी तीन लाख सड्चालीस हजार तीन सय उन्साठी रुपैया मध्ये कम्तीमा २०% वरावरको रकम लागत सहभागिता/जनश्रमदान हुने गरी बाँकी रकम अनुदान दिने निर्णय गरियो ।

**निर्णय नं.२२:** व्यास नगरपालिका वडा नं ८ अन्तर्गत पर्ने समिफेद जलदेवी टोल विकास संस्था स्थित विरावारी खेतको कुलो मर्मतको लागि प्राविधिकबाट तयार भई पेश हुन आएको कुल रु.३२,४०१।८५ (अक्षेरुपी बत्तीस हजार चार सय एक रुपैयाँ पचासी पैसा) को लागत इष्टिमेट मध्ये कम्तीमा २०% बराबरको रकम लागत सहभागिता/जनश्रमदान हुने गरी बाँकी रकम अनुदान दिने निर्णय गरियो ।

**निर्णय नं.२३:** व्यास नगरपालिका वडा नं.६ अन्तर्गत सिसाघाट स्थित प्रगति आमा समूहको भवनमा कम्पाउण्डवाल निर्माण गर्न साथै शौचालय मर्मत गर्न प्राविधिकबाट पेश हुन आएको रु.१,३०,४९७।१७ (अक्षेरुपी एक लाख तीस हजार चास सय सन्तानब्वे रुपैयाँ सत्र पैसा) को लागत इष्टिमेट मध्ये अन्य रकम लागत सहभागिता/जनश्रमदानबाट जुटाउने गरी रु.१,००,०००। (अक्षेरुपी एक लाख रुपैया) अनुदान दिने निर्णय गरियो ।

**निर्णय नं.२४:** यस नगरपालिकामा सेवा करारमा कार्यरत कर्मचारीहरुलाई मासिक दुई दिनका दरले वर्षभरिमा जम्मा २४ दिन मात्र बिदा दिने गरी सम्झौता गरिएकोमा कोही कर्मचारीहरु अचानक विरामी भई सम्झौता अनुसारको विदाको अवधि भन्दा बढी बिदामा बसी उपचार गराउनु पर्ने अवस्था देखिन आएको साथै महिला कर्मचारीहरु सुत्केरी हुँदा सुत्केरी आमा र नवजात शिशुको स्वास्थ्य जस्ता विषयमा संवेदनशील हुनुपर्ने अवस्था रहेकोले करार सेवामा कार्यरत कुनैपनि कर्मचारी बिरामी भई सल्यक्रिया गर्नु परेको खण्डमा मात्र बढीमा १५ दिन बिरामी बिदा र सुत्केरी हुने महिला कर्मचारीलाई (दुई वटासम्म शिशु जन्माउँदा) दुई पटकको लागि बढीमा ६० दिनसम्म सुत्केरी बिदाको सुविधा दिने साथै सो अवधिको करार सम्झौता बमोजिमको सम्पूर्ण सुविधा समेत उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.२५:** व्यास नगरपालिका वडा नं.१० अन्तर्गत अत्रौली टोल स्थित श्रीकृष्ण मार्गमा पक्की नाला निर्माण तथा ग्राभेल गर्ने कार्यका लागि सम्बन्धित आयोजनाका उपभोक्ता समिति र यस कार्यालय बीच कुल ल.ई रु. ५,४१,०७३।२९ (अक्षेरुपी पाँच लाख एक्चालीस हजार त्रिहत्तर रुपैयाँ उनान्तीस पैसा) मध्ये कम्तीमा २०% रकम सम्बन्धित उपभोक्ताहरुले लागत सहभागिता/जनश्रमदान वापत व्यहोर्ने र बाँकी रकम न.पा. अनुदान दिने गरी मिति २०७५।४।११ गते सम्झौता भई हाल कार्य सम्पन्न समेत भइसकेको हुनाले सो कार्यका लागि भएको सम्झौता अनुमोदन गरी नगरपालिकाले व्यहोर्नुपर्ने रकम नियमानुसार भुक्तानी दिने निर्णय गरियो ।